# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
प्रदेश नं.१, नेपाल

### दुईपाङ्ग्रे विद्युतीय सवारी साधन खरिद सम्बन्धी सूचना
सूचना प्रकाशित मिति २०७९/०६/०४

यस कार्यालयको लागि आवश्यक विद्युतीय मोटरसाईकल र विद्युतीय स्कुटर खरिद गर्नुपर्ने भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सवारी साधन उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्ने निर्णय भएकाले इच्छुक ईजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले संस्था/फर्म नवीकरण समेत भएको दर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र र आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख (१) अनुसार स्पेशिफिकेशन बमोजिमको सवारी साधनको आधिकारिक स्पेशिफिकेशन, मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी मिति २०७९/०६/११ गते कार्यालय समय भित्र यस कार्यालयमा निवेदन दर्ता गराउनहुन यो सूचना प्रकाशित गरिएको छ।

प्राप्त निवेदनसाथ उत्पादक कम्पनी वा त्यको आधिकारिक बिक्रेताले पेश गरेको उत्पादनको आधिकारिक स्पेशिफिकेश, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) मूल्याङ्कन गरी नगरपालिकाको आवश्यकता अनुसार समान स्पेशिफिकेशन र गुणस्तर भएका उत्पादनहरुको उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुसँग खरिद गरिने सवारी साधनहरुको परिमाण खोली उत्पादक कम्पनी वा त्यसको अधिकृत बिक्रेताबाट तोकिएको मूल्यमा छुट वा सुविधामा थप हुन सक्ने विवरण सहितको आर्थिक प्रस्ताव माग गरिनेछ ।

**नोटः- यस सूचनामा उल्लेख नभएका विषयहरु Technical Specification बमोजिम हुने छ । Technical Specification यस कार्यालय वा कार्यालयको वेभसाईट www.kankaimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।**

जमुना कटुवाल
प्रशासकीय अधिकृत छैटौ

Scanned with CamScanner